## चन्द्रनगर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१) चन्द्रनगर, चैत्र ३० गते, २०७४ साल (संख्या : ११

## भाग–२

## चन्द्रनगर गाउँपालिका

स्थानिय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभुत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता,स्वच्छता, उच्चतम उपयोग जस्ता उदेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुचको अधिकार प्रयोग  गरि चन्द्रनगर गाउँपालिकाले यो कार्यविधि जारी गरि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत २०७४साल कार्यविधि नं. –४

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि

स्थानिय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभुत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता,स्वच्छता, उच्चतम उपयोग जस्ता उदेश्यहरु हसिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुचको अधिकार प्रयोग गरी चन्द्रनगर गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१)इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :

रुरुरुचलित कानुनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी घ वर्गको निर्माण व्यवसायीको नामवाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउनु हुदैन ।

२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहिने निर्माण व्यवसायिले अनुसुचि १ बमोजिमको ढाचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस चन्दनगर गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकिय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदाफा ( १) बमोजिम पर्ने भएका दरखास्तहरु प्रमुख प्रशासकिय अधिकृतले अनुसुचि ५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनियर/सव इन्जिनियर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा( २) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकिय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागी कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकतले इजाजतपत्र वापत अनुसुचि ३ बमोजिमको ढाचामा इजाजतपत्र प्रदान गर्नेछ ।

३) इजाजतपत्रको अवधि र नवीकरण

(१) दफा (२) बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक चालू अर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र स्थानिय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघीय प्रदेश स्थानिय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित गाउँपालिकाबाट अनुसुचि २ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजतपत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसुचि ४ बमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अध्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसुचि ४ बमोजिमको पास वुक विवरण अध्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन ।

(३) उपदफा ( २ ) बमोजिमको म्याद नाघेको छ महिना भित्र सबै प्रकृया पुरा गरी इजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसुची २ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

४) इजाजत पत्रको खारेजी :

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ
क) भुटा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा ।
ख) सार्वजनिक निमार्ण कार्य गर्ने वा गर्न पाउने उदेश्यले नेपाल सरकार तथा संगठित संस्थामा भुटा विवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा
ग) सार्वजनिक निकायसँग भएको सम्भौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्भौताको गम्भिर उल्लघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।
(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइने छ ।
(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ । ४) यस कार्यविधिमा अन्यत्र जेसुकै लेखिएको भएपनि आ.ब.२०७४/०७५ को हकमा एक पटकलाई यो कार्यविधि स्वीकृत हुनु भन्दा पहिले निबेदन दर्ता भएका र कार्यविधि स्वीकृत भएको मितिले ६० दिन सम्म साबिक जिल्ला बिकास समिति बाट इजाजत पाएका वा नबिकरण भएका फर्महरुले दोब्बर दस्तुर तिरी नाबिकरण गर्न सक्नेछन । यस्ता फर्महरुको नबिकरण गर्नको लागि दफा (३) को उपदफा (२) र (३) बमोजिम को हदम्याद लाग्ने छैन ।
(५)उपदफा (१) वा (३) बमोजिमको इजाजत पत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म,व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।
५) इजाजतपत्रको प्रतिलिपीदिने व्यवस्था :
कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराएवानासिएको कारणवाट इजाजतपत्रको प्रतिलिपीपाउन निवेदन गरेमा अनुसूची -२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपीदिनु पर्नेछ ।
६) प्रचलित कानून बमोजिमहुने :
यस कार्यविधिमा लेखिएजति यसै बमोजिम र अन्यको हकमाप्रचलित कानून बमोजिम हुनेछ ।
७) बचाउ :
यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्वन्धीफर्म तथाकम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

### अनुसूची -१
### कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्वन्धित

ईजाजतपत्रको लागिदिइने दरखास्त
विषय : ईजाजत पत्र पाउँभन्ने वारे ।
श्री चन्द्रनगर.गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही ।

यस .............कार्यालयको कार्यविधि ...........बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजत पत्र पाउ ननिम्नविवरण भरी यो दरखास्त पेश गरीएको छ ।
१. दरखास्त पेश गर्ने फर्म वाकम्पनीको
नम :
ठेगाना :
पोष्टवक्स :

टेलिफोन नं. फ्याक्स नं. इमेल

२. फर्मवाकम्पनीको प्रकृति

प्राइभेट लिमिटेड कम्पनी पव्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजालगाउनु पर्नेछ)

३. सम्पर्कको लागिफर्म वाकम्पनीको अधिकारीकव्यक्तिको :

नाम थर :

ठेगाना :

बक्स : पो ष्ट

टेलिफोन नं.

फ्याक्स नं. ईमेल

४. फर्मवाकम्पनीको विवरण

दर्ता मिति :

अधिकृत पूजी :

जारी पूजि

दर्तागर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजतपत्रलिनचाहेको वर्ग :- घ) वर्ग

६. समूहीकरण हुनचाहेको समूह :

७. आर्थिक श्रोतको विवरण :

| | रकम | वितिय संस्था/वैकको नाम |
|---|---|---|
| स्थायीओभर ड्राफ्ट | | |
| मुद्धती खाता | | |
| चलतीखाता | | |
| वचतखाता | | |
| | | |

उल्लेखितविवरण बाहेक अन्यविवरण भए छुटै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :

(क) प्राविधिक :

ख) अप्राविधिक :

ग) अन्य :

प्राविधिककर्मचारी को Certificate को प्रतिलिपितथानिजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| सि.न. | नमतथाविवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद निति | अन्यव्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लेखित सवारी साधनतथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात - दर्ता प्रमाणपत्र ) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकालइन्जिनियर द्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण

| सि.न. | निर्माण सम्वन्धीकामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाताकार्यालयको नाम | कामको अवस्थाप्रगतिप्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात

क

ख

ग

यस दरखास्तफाराममाउल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुटा ठहरे कानुनबमोजिम सहुलाबुझाउला ।

निर्माण व्यवसायीकको छाप

दरखास्तवालाको
दस्तखत
मिति

द्रष्टव्य : यस दरखास्तफारम साथ दरखास्तफारममाउल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धितकागजातको प्रमाणित प्रतलिपि संलग्नगर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कलकागजात पेश गर्नु पर्नेछ ।

## अनुसुचि - १

**कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा ३ सँग सम्वन्धित**

| क. स. | निर्माण व्यवसायीको वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | इजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु १०००/०० | रु १०००/०० | रु २०००/०० | रु ५००/०० |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धि कार्यविधि २० बमोजिमकादफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्रतिर्नुपर्नेछ ।

**अनुसूची - ३**

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्वन्धित

इजाजतपत्र

इजाजतपत्र नं. ........................................................................ मिति :

चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर, सर्लाही

घ वर्गको निर्माण व्यवसायीइजाजतपत्र सम्वन्धीकार्यविधि २०............को दफा २ को उपदफा (४) बमोजिमनिर्माण व्यवसायगर्न ................स्थितकार्यालय भएको................फर्म वाकम्पनीलाई इजाजतपत्रप्रदानगरिएकोछ ।

इजाजतपत्रदिनेको

दस्तखत :

नाम :

पद :

मिति :

(यस वृत भित्रकुनवर्ग लेख्नु पर्ने हो सोहीवर्ग लेख्ने )  कार्यालय :

नविकरण :

| नविकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसुचि - ४

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण पासवुक

| क सं | आयोजनाको नाम | सार्वजनिकनकायको विवरण | संयुक्तउपकमको नाम (यदिभएमा) | शेयर % | ठेक्काविवरण (यदिभएमा) | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थपविवरण यदिभएमा) | Variation को विवरण यदिभएमा) | प्रगतिविवरण | टेक्का सम्पन्न विवरण | कैंफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

## अनुसुचि - ५

### घ वर्गको निर्माण व्यवसायीको लागिआवश्यक योग्यता

१.आर्थिक क्षमताप्राइभेट वापव्लिककम्पनीवा साझेदारी फर्मको रुपमा घटीमा पाँचलाख रुपैयाँको चालु पुजी देखाई उधोग विभागमादर्ता भएको हुनु पर्नेछ ।

२. मुख्यजनशक्तिविवरण : मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिलइन्जिनियरीङ विषयमाकम्तिमा प्रमाणपत्र तहउर्तीण एक जनाप्राविधिक, कुनै पनिविषयमा प्रमाणपत्र तहउर्तीण एक जनाप्रशासकिय र वाणिज्य शास्त्र अर्थशास्त्रमा प्रमाणपत्र तहउर्तीण एक जनाजनशक्तिको सेवा पुरा समय प्राप्तहुने व्यवस्थाहुनु पर्नेछ ।

३. मेशीन र उपकरण

क) ट्रिपर , ट्र्याक्टर(एक /एक थान)

ख) मिक्सर (एक थान)

ग) त्जभयमयष्तिभ र ीभखर्भ :बअजष्लभ

घ) वाटर पम्प (तिनथान)

ङ) भाइब्रेटर (तीनथान)

**द्रष्टव्य**

१.उपकरणको नामावली पेशगर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै वीमा गरेको कागजातहरु पेशगर्नु पर्नेछ ।उपकरणहरु भाडामा लिइएको भएकम्तिमा २ (दुई) वर्षको लागी भाडा सम्झौताभएको सम्झौतापत्रसमेत पेश गर्नुपर्ने छ ।

२. माथिउल्लेखितयान्त्रिकउपकरणहरु ठीक अवस्थामाभएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमाकम्तीमा स्नातकतहको शैक्षिक योग्यताभएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यताप्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथिउल्लेखितयन्त्रउपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्ष सम्म वेचविखनगर्नपाइने छैन र भाडामा लिइएको हकमाकम्तिमा २(दुई) वर्ष सम्मभाडा सम्झौताकायम रहने प्रतिवद्धताभएको सम्झौतापत्र समेत पेश गर्नुपर्ने छ ।

४. पन्ध्र वर्षभन्दा बढी पुरानो यन्त्रउपकरणहरु निर्माण व्यवसायीको स्तररुद्धि तथानयाँदर्ताहुने प्रयोजनको लागीमान्यहुने छैन ।

प्रमाणिकरण मिति :- २०७४/१२/३०

आज्ञाले
टेक प्रसाद भट्टराइ
प्रमुखप्रशासकियअधिकृत
चन्द्रनगर गाउँपालिका